


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५३ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २५ अंक ४ | वैशाख – असार २०७५ | Year 25 Vol 4 | May 2018 - July 2018

## राष्ट्रिय वाणिज्य बैंक लि.को बाह्रौं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं, ३१ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन पारित गरेको छ। नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्को सभापतित्वमा सम्पन्न सो साधारण सभामा अध्यक्ष गुरुङ्गले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै राष्ट्रिय वाणिज्य बैंक विश्वासनीय भएको र आगामी दिनमा थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।




साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकारका अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भैतीक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ती मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाइ मन्त्रालयका प्रतिनीधि तथा सार्वसाधारण शेयरधनिहरुको उपस्थिति रहेको थियो। अध्यक्ष गुरुङ्गले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथी शेयरधनिहरु अमृतनाथ रेग्मी र डमरु बल्लभ घिमिरेले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाव सहितको धारणा राख्नुभएको थियो। सो टिप्पणी एवं जीज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले जवाफ दिनुभएको थियो।

सो साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, रवीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, विद्यावारीधी सिग्देल, अर्जुनबहादुर अधिकारी, डा. माधबप्रसाद दाहाल, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी

थप समाचार पृष्ट ४

## भकुण्डेबेंसीमा राष्ट्रिय वाणिज्य बैंकको शाखा समुद्घाटन

**काभ्रेपलाञ्चोक, २ असार**

काभ्रेपचाञ्चोक जिल्लाको नमोबुद्ध न.पा. वार्ड न. ७ स्थित राष्ट्रिय वाणिज्य बैक लिमिटेडको शाखा कार्यालय भकुण्डेबेंसीको एक समारोहका बीच समुद्घाटन सम्पन्न भएको छ। उक्त शाखाको अर्थ मन्त्रालयका सचिव डा. राजन खनालले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि डा खनालले बैंकले आफ्ना सेवाहरु जनताको घरदैलोसम्म पुर्याउन सकेमात्र प्रतिस्पर्धामा उत्रन सक्ने बताउनुभयो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा वैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि जनतालाई आधुनिक बैंकिङ्ग सेवा प्रदान गरिने बताउनुभयो। सो समारोहमा नायब महाप्रबन्धक उद्धबप्रसाद खनालले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। बैंकको काठमाडौं क्षेत्रीय कार्यालयका प्रमुख राजेन्द्र दाहालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा बैंक संचालक समितिका सदस्य अर्जुनबहादुर अधिकारी, नमोबुद्ध नगरपालिकाका अध्यक्ष टीपी शर्मा, स्थानीय समाजसेवी बासुनारायण श्रेष्ठ, कृष्ण खनाल, भैरब खनाल एवं अन्य उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो। सो अवसरमा शाखाको समुदघाटन गर्नुपूर्व बैंकले भकुण्डेबेंसी बजार क्षेत्रमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रमको आयोजना तथा स्थानीय विद्यालयका बालबालिकाहरुलाई बैंकको तर्फबाट कापी वितरण गरिएको थियो।



## अर्जुनचौपारीमा बैंकको शाखा समुद्घाटन




**स्याङ्गजा, २२ जेठ**

स्याङ्गजा जिल्लाको अर्जुनचौपारी गाउंपालिका वडा नः १ स्थित राष्ट्रिय वाणिज्य बैक लिमिटेडको १९० औं शाखा कार्यालय अर्जुनचौपारी स्थापना गरिएको छ। उक्त शाखाको संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले एक समारोहका बीच समुद्घाटन गर्नुभयो। सो समारोहमा प्रमुख अतिथि महेन्द्रमान गुरुङ्गले सरकारको नीति अन्तर्गत सबै स्थानीय निकायमा बैंकको शाखा पुर्‍याउने उद्धेश्यअनुरुप ग्रामिण र दुर्गम सवै स्थानमा बैंकको सक्षम उपस्थितीले देशैभरि वित्तीय समावेशीताको माध्यमबाट वित्तीय पहुंच पुर्‍याउन सघाउ पुग्ने बताउनुभयो। उहांले यस क्षेत्रमा १२८ वटा ल्याण्डलाइन टेलिफोन सेवा वितरण गर्ने र मोवाइल सेवालाई थप भरपर्दो बनाउने विचार व्यक्त गर्नुभयो। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा वैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि दिगो आर्थिक बिकासको लागि वित्तिय पहुंच विस्तार गरिने वताउनुभयो। सो समारोहमा नायब महाप्रवन्धक उद्धबप्रसाद खनालले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। बैंकको पोखरा क्षेत्रीय कार्यालयका उपप्रमुख जग जीवनराम श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त समारोहमा, अर्जुनचौपारी गाउंपालिका अध्यक्ष दीर्घनारायण अर्याल, स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

## तेह्रथुमको बसन्तपुरमा बैंकको शाखा समुद्घाटन

**तेह्रथुम, १७ असार**

तेह्रथुम जिल्लाको लालिगुंरास नगरपालिका वार्ड न. २ बसन्तपुर स्थित राष्ट्रिय वाणिज्य बैक लिमिटेडको शाखा कार्यालय बसन्तपुरको एक समारोहका बीच शनिबार समुदघाटन सम्पन्न भएको छ। उक्त शाखाको रावा बैंक संचालक समितिकका सदस्य रबीन्द्रलाल श्रेष्ठले एक समारोहका बीच समुद्घाटन गर्नुभयो। प्रमुख अतिथि श्रेष्ठले बैंकले सरकारी नीतिलाई सघाउ पुग्ने गरी अगाडि बढिरहेको बताउनुभयो।



सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बसन्तपुर क्षेत्र ब्यापारिक हिसाबले पनि महत्वपूर्ण भएकाले रावा बैकले स्थानीय जनतालाई आधुनिक बैंकिङ्ग सेवा प्रदान गरि स्थानीय ब्यापारलाई अगाडि बढाउन सघाउ पुररयाउने बताउनुभयो। सो समारोहमा नायब महाप्रवन्धक उद्धबप्रसाद खनालले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। बैंकको विराटनगर क्षेत्रीय कार्यालयका प्रमुख राजेन्द्र कट्टेलको सभापतित्वमा सम्पन्न उक्त समारोहमा तेह्रथुम जिल्लाको प्रदेशसभा(क) सांसद लक्ष्मण तिवारी, लालिगुंरास नगरपालिकाका प्रमुख अर्जुन माबोहाङ्ग, एवं अन्य स्थानीय राजनीतिक दलका प्रतिनिधी, उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो। सो अवसरमा शाखाको समुदघाटन गर्नुपूर्व बसन्तपुर बजार क्षेत्रमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्याकमको आयोजना गरेको थियो।

## विभिन्न क्षेत्रमा नोट तथा सुनचांदी पहिचान र कोष व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

**धरान, २९ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा नोट तथा सुनचांदी पहिचान र कोष व्यवस्थापन सम्बन्धी तालिम बिराटनगर क्षेत्रमा सम्पन्न भएको छ। सुनसरीको धरानमा संचालित बिराटनगर क्षेत्र र काठमाडौं तथा बीरगंज क्षेत्रका पायक पर्ने शाखा कार्यालयका नव नियुक्त बरिष्ठ सहायक (नगद) र सहायक (नगद) समुहका कर्मचारीहरुलाई लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ३४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा बिराटनगर क्षेत्रका क्षेत्रीय प्रवन्धक राजेन्द्र कट्टेल, शाखा कार्यालय धरानका प्रवन्धक हेमराज खरेल, दुहबीका प्रवन्धक सुमन आचार्य लगायतको उपस्थिति रहेको थियो।

**नेपालगंज, १२ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा नोट तथा सुनचांदी पहिचान र कोष व्यवस्थापन सम्बन्धी तालिम नेपालगंज क्षेत्रमा सम्पन्न भएको छ। बांकेको नेपालगंजमा संचालित नेपालगंज क्षेत्र र पोखरा क्षेत्रका पायक पर्ने शाखा कार्यालयका नव नियुक्त बरिष्ठ सहायक (नगद) र सहायक (नगद) समुहका कर्मचारीहरुलाई लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ३२ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा क्षेत्रीय कार्यालय नेपालगंजमा कार्यरत प्रवन्धक राधेश्याम योगी, शाखा कार्यालय नेपालगंजका प्रवन्धक यज्ञबहादुर बस्नेत, सहायक प्रवन्धक सुमन बस्याल, तेजबहादुर डांगी लगायतको उपस्थिति रहेको थियो।

**गैंडाकोट, २ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा नोट तथा सुनचांदी पहिचान र कोष व्यवस्थापन सम्बन्धी तालिम पोखरा क्षेत्रमा सम्पन्न भएको छ। नवलपरासीको गैंडाकोटमा संचालित पोखरा क्षेत्र र बीरगंज क्षेत्रका पायक पर्ने शाखा कार्यालयका नव नियुक्त बरिष्ठ सहायक (नगद) र सहायक (नगद) समुहका कर्मचारीहरुलाई लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ४४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। बैंकका नायब महाप्रवन्धक केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा शाखा कार्यालय भरतपुरका प्रवन्धक ईन्द्रविलास न्यौपाने, शाखा कार्यालय नारायणगढ मनोज विलास पन्त लगायतको उपस्थिति रहेको थियो। (सहायक प्रवन्धक हारित कुमार रेग्मी र मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको)

**सुझाव तथा प्रतिक्रियाको लागि:** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ। -सम्पादक
ई-मेल: rbbnl@rbb.com.np, फोन: ०१-४२५२५९५, Ext. २४२३

# राष्ट्रिय वाणिज्य बैंक पुरस्कार वितरण कार्यक्रम सम्पन्न



**काठमाडौं, ३ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३ औं वार्षिकोत्सबको अवसरमा २०७४ माघ १० गते घोषणा गरिएको उत्कृष्ट कार्य सम्पादन गर्ने बैंकका शाखा कार्यालयहरु तथा कर्मचारीहरुलाई एक समारोहका बीच बैंक संचालक समितिका अध्यक्ष महेन्दमान गुरुङ्गले पुरस्कार वितरण गर्नुभयो। कार्यक्रममा सर्वोत्कृष्ठ कार्य सम्पादन गरे वापत सर्वोत्कृष्ठ कर्मचारी पुरस्कार संस्थागत तथा साना मझौला कर्जा विभागका विभागीय प्रमुख मुख्य प्रवन्धक नरेशराज अर्याललाई नगद रु ५० हजार र प्रमाणपत्र प्रदान गरिएको थियो। त्यसैगरी उत्कृष्ठ कार्य सम्पादन गरे वापत अन्य २९ जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार नगद रु २० हजार र प्रमाणपत्र प्रदान गरिएको थियो ।

सो अवसरमा सर्वप्रथम हुने शाखा कार्यालय नाराणपुर शाखाका प्रवन्धक खेम डांगीलाई नगद रु ५० हजार र प्रमाणपत्र पुरस्कार प्रदान गरियो । त्यसैगरी अन्य अत्कृष्ट कार्य सम्पादन गर्ने १६ वटा शाखा कार्यालयका प्रवन्धकहरुलाई नगद रु १० हजार देखि रु ३० हजार सम्म र प्रमाणपत्र पुरस्कार प्रदान गरियो ।

सो कार्यक्रममा बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालयका प्रवन्धकहरुलाई पुरस्कार प्रदान गर्नुहुंदै बैंकिङ्ग क्षेत्रमा नयां नयां प्रविधि र सोचको विकास भैरहेको सन्दर्भमा सरकारी बैंकले साधारण बैंकिङ्ग सेवा मात्र दिएर प्रतिस्पर्धी बजारमा टिक्न नसकिने हुदा आधुनिक सेवा दिनु पर्ने विचार व्यक्त गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा बैंक क्लिन र स्मार्ट बैंकिङ्गको रुपमा अगाडी बढिरहेको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा बैंक संचलक समितिका सदस्यहरु रवीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, अर्जुनबहादुर अधिकारी, डा. माधवप्रसाद दाहाल, नायब प्रमुख कार्यकारी अधिकृतद्वय भुपेन्द्र पाण्डे, कविराज अधिकारी, नायब महाप्रवन्धकहरु टेकराज जोशी, उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा रावा बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नायब महाप्रवन्धक उद्धबप्रसाद खनालले स्वागत मन्तब्य तथा ब्रान्च अपरेशन विभागका प्रवन्धक लक्ष्मीप्रसाद पराजुलीले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## अन्तरवार्ता



नरेशराज अर्याल
नायब महाप्रवन्धक
सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी

राष्ट्रिय वाणिज्य बैंकको ५३ औं वार्षिकोत्सबको अवसरमा आ.व.२०७३/०७४ मा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार तत्कालिन संस्थागत तथा साना मझौला कर्जा विभागका विभागीय प्रमुख श्री नरेशराज अर्याललाई प्रदान गरिएको छ। यसै सन्दर्भमा उहां संग रा.वा.बैंक समाचारका लागि सहायक सम्पादक ईश्वर उप्रेतीले लिनु भएको संक्षिप्त अन्तरवार्ता ।

प्रश्न १ : सर्वप्रथम तपाइलाई राष्ट्रिय वाणिज्य बैंकको ५३ औं वार्षिकोत्सबको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउनु भएकोमा बधाइ छ । सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउंदा कस्तो महशुस भईरहेको छ ?

✎ सर्वप्रथम मलाई सर्वोत्कृष्ट कर्मचारीको रुपमा छनोट गर्नुहुने बैंक व्यबस्थापन तथा संचालकसमिति प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । साथै सँधै सहयोग गर्नुहुने केन्द्रीय कार्यालय विभाग, क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयमा कार्यरत कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । आफ्नो लगन र परिश्रमको प्रतिफल प्राप्त भएको महसुस गरेको छु साथै बैंकको जागिरे जीवनको बांकी रहेका दिनहरुमा अरू उर्जा प्राप्त हुने ठानेको छु।

प्रश्न २ : यांहाले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन कुन शाखा कार्यालय, विभागमा रहेर कार्य गर्नुभयो र कार्य गर्दाको अनुभव बताइदिनुहोस न ?

✎ सुरुको एक दशक भन्दाबढी अन्तर शाखा हिसावमिलान विभागमा बिताए । तत्पश्चात शाखा कार्यालय बानेश्वरमा करिव ५ वर्ष काम गरे । बैंकलाई बिदेशी ब्यबस्थापनले जिम्मलिए लगत्तै कर्जा असुली विभागमा सरुवा भए, त्यही विभागको विभागीय प्रमुख हुदैं पूर्वाधार तथा सहबीत्तीय कर्जा बिभागको प्रमुख, मुख्य शाखा कार्यालय काठमाण्डौंको प्रवन्धक, पून: कर्जा असुली विभागको प्रमुख तत्पश्चात संस्थागत तथा साना मझौला कर्जा बिभागको प्रमुख को रुपमा कार्य गरे। यस बीच करिव ५ महिना बैंकको ट्रेजरी बिभागको प्रमुखकोरुपमा समेत काम गर्ने मौका पाए। हाल नायव महाप्रवन्धकको रुपमा कार्यरत छु।

प्रश्न ३ : पुरस्कारको गरिमा कायम राखिराख्न यांहाले भविष्यमा कसरी कार्य गर्ने योजना बनाउनु भएको छ ?

✎ लक्ष्य निर्धारण गरी उचित मार्ग तयार गरेमा कुनैपनि कार्य सहजतापूर्वक सम्पन्न गर्न सकिन्छ जस्तो लाग्छ। यही सोचका साथ सधै हिडेको छु । अनिवार्य अवकास नजिकपुगेको छ, धेरै टाढाको कुरागर्नु सान्दर्भिक नहोला तरपनि जतिदिन बैंकमा रहन्छु आफनो तर्फवाट उच्चतम योगदान गर्ने कुरामा दृढ छु।

प्रश्न ४ : बैंक कर्मचारीहरुलाई कसरी कार्य गर्ने सुझाब दिन चाहानुहुन्छ ?

✎ संस्थालाई अग्रभागमा राखी अघि बढ्नु पर्छ भन्ने ठान्छु। कार्यथलोलाई सहज बनाउने बिषय हाम्रो आफ्नै हातमा छ । सामाजिक प्रतिष्ठा, आर्थिक समुन्नति तथा आत्मसम्मान दिने संस्थालाई मेरोतर्फबाट के कति योगदान दिन सक्छु, दिन्छु भन्ने सोचनै कर्मचारीको व्यक्तिगत र समग्र संस्थाको हितको बाटो हुन्छ जस्तो मलाई लाग्दछ।

## वित्तीय साक्षरता

- ✓ नोटको हिफाजत गरौं, नोटमा केरमेट नगरौं ।
- ✓ नोटमा अविर, टिका नपारौं ।
- ✓ नोट सँधै सफासँग प्रयोग गरौं ।

# राष्ट्रिय वाणिज्य बैंकद्धरा प्रायोजित

## राष्ट्रिय महिला क्लब लिग भलिबल प्रतियोगिता सम्पन्न



**काठमाडौं, २६ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्वारा मुख्य प्रायोजित चौथो राष्ट्रिय RBB-NVA WOMEN'S CLUB LEAGUE VOLLEYBALL प्रतियोगीता राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलबाट सम्पन्न भएको छ। खेलको उद्‌घाटन प्रतिनीधि सभाका माननीय सांसद जीवनराम श्रेष्ठले गर्नुभयो। सो कार्यक्रम नेपाल भलिबल संघका अध्यक्ष मनोरन्जनरमण शर्माको सभापतित्वमा सम्पन्न भएको थियो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले भलिबलको लोकप्रियतालाई देखेर बैंकले संस्थागत सामाजीक उत्तरदायित्व अन्तर्गत सहयोग गरेको बताउदै आगामी दिनमा पनि मिलेर अगाडी बढ्ने बताउनुभयो।



जेठ २१ देखि २६ गते सम्म संचालन भएको प्रतियोगितामा तीन वटा विभागीय सहित छ टिमले भाग लिएका थिए। नेपाल सरकारद्वारा मिति २०७४ जेठ ८ गते नेपालको राष्ट्रिय खेल भलिबल भएको घोषण गरिसकेको छ। प्रत्येक वर्ष १० लाख रुपैंया प्रदान गर्ने गरि दुई वर्षको लागि राष्ट्रिय वाणिज्य बैंक र नेपाल भलिबल संघ बीच राष्ट्रिय लिग प्रतियोगिताको नामको अगाडी आरबीबी-एनबीए नाम राख्नु पर्ने सम्झौता भएको थियो।

चौथो राष्ट्रिय महिला क्लब लिग भलिबल प्रतियोगितामा प्रथम हुने टिमलाई २ लाख, द्धितीय हुने टिमलाई १ लाख, तृतीय हुने टिमलाई ५० हजार तथा चौथो हुने टिमलाई २५ हजार नगद पुरस्कार प्रदान गरिएको छ। सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक कबिराज अधिकारी, विभागीय प्रमुख नरेशराज अर्याल, नेपाल भलिबल संघका महासचिव जीतेन्द्र बहादुर चन्द लगायतको उपस्थिती रहेको थियो।

# रावा बैंकद्वारा गोरखामा स्वास्थ्य शिविर संचालन



**गोरखा, ९ असार**

राष्ट्रिय वाणिज्य बैक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गोरखा जिल्लाको गण्डकी गांउपालिका वडा नः ५ दर्बुङ्ग स्थित बुढिगण्डकी आयोजनाबाट प्रभावित जनसमुदायका लागि स्वास्थ्य शिविर कार्यक्रम शनिबार संचालन गरेको छ। सो कार्यक्रमको उद्‌घाटन गर्नुहुदै बैंकका नायब महाप्रवन्धक उद्धवप्रसाद खनालले बैंकले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, खेलकुद तथा अन्य सामाजिक क्षेत्रमा नियमित रुपमा सहयोग पुर्‍याउदै आईरहेको र भविष्यमा पनि सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो। ललितपुरको किष्ट शिक्षण अस्पतालको सहकार्य र गोरखा जिल्ला गण्डकी गाउंपालिकाको समन्वयमा आयोजना गरिएको सो स्वास्थ्य शिविरमा स्थानीय बिरामीहरुलाई जनरल, मानसीक र स्त्रीरोग विशेषज्ञहरुबाट परामर्श सेवा प्रदान गरी औषधी समेत वितरण गरिएको थियो। स्थानीय जनसमुदायको भव्य उपस्थिति रहेको थियो।



सो कार्यक्रममा बैंकले वित्तीय सचेतना कार्यक्रम समेत संचालन गरेको थियो। सो कार्यकमा ब्रान्च अपरेशन विभागका प्रवन्धकहरु लक्ष्मीप्रसाद पराजुली, बेदप्रसाद आचार्य, शाखा कार्यालय गोरखाका प्रवन्धक महेन्द्र तिमिल्सना, कर्मचारीहरु चुडामणी गुप्ता, ईश्वर उप्रेती, स्थानीय रत्नेश्वर मावि व्यवस्थापन समितिका अध्यक्ष बिष्णु घिमिरे, गण्डकी गांउपालिका वडा नः ५ का सचिव सोमलाल तवारी, दर्बुङ्ग स्वास्थ्य शिविरका नि.इन्चार्ज पप्पु रानियारको समेत उपस्थिति रहेको थियो।

# रावा बैंक लि.को बाह्रौं बार्षिक साधारण सभा ...



अधिकृतद्वय भुपेन्द्र पाण्डे, कबिराज अधिकारी, महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केसबप्रसाद लम्साल, टेकराज जोशी, उद्धवप्रसाद खनाल र विभागीय प्रमुखहरु लगायतको उपस्थिती रहेको थियो। साभारण सभालाई कम्पनी सचिव जगन्नाथ कुंइकेलले सहजीकरण गर्नुभएको थियो।

# श्रद्धान्जली



जन्मः वि.स. २०३६।०१।०५

स्वर्गारोहण : वि.सं.२०७५।०१।०४

यस राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय कोल्टीमा कार्यरत वरिष्ठ सहायक भुवनराज पन्त (१०९३५)को असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड परिवार**

# राष्ट्रिय वाणिज्य बैंकको शाखा संख्या दुई सय नाघ्यो



**काठमाडौं, ३२ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको २०७५ असार मसान्तसम्ममा शाखा कार्यालयहरुको संख्या २ सय चार पुगेको छ । यसै बीच पर्सा जिल्लाको ठोरी गांउपालिका वडा नं. ५ स्थित शाखा कार्यालय सुवर्णपुर, डोल्पा जिल्लाको मुड्केचुला गाउंपालिका वडा नं. ४ स्थित इल निलदहमा शाखा कार्यालय मुड्केचुला, मनाङ्ग जिल्लाको नेस्याङ्ग गाउंपालिका वडा नं. ४ स्थित हुम्देमा




शाखा कार्यालय नेस्याङ्ग, रौतहट जिल्लाको मौलापुर नगरपालिका वडा नं. ५ स्थित शाखा कार्यालय मौलापुर, रौतहट जिल्लाको इशनाथ गांउपालिका वडा नं. २ स्थित औरेयामा शाखा कार्यालय इशनाथ र मोरङ्ग जिल्लाको




कटहरी गाउंपालिका वडा नं. ३ स्थित शाखा कार्यालय कटहरी, सिन्धुली जिल्लाको मरिण गाउंपालिका वडा नं. ६ स्थित शाखा कार्यालय कपिलाकोट, बझाङ्ग जिल्लाको मष्टा गाउंपालिका वडा नं. ३ स्थित भातेखोलामा शाखा कार्यालय मष्टा, ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी गाउंपालिका वडा नं. ३ स्थित शाखा कार्यालय हाङ्गपाङ्ग, मुगु जिल्लाको सोरुगाउँपालिका वडा नं ६ को सोरुकोट स्थित शाखा कार्यालय सोरु, रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नं. २ को कालिकास्थान स्थित शाखा कार्यालय कालिका र खोटाङ्ग जिल्लाको कविलासगडी गाउँपालिका वडा नं ४ स्थित शाखा कार्यालय बाक्सिलाको कारोबार शुभारम्भ भएको छ । यसपछि राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालयहरुको संख्या २०४ पुगेको छ । बैंकको हाल ७४ जिल्लामा २०४ वटा शाखा कार्यालय, १३५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ्ग रहेको छ । २०७५ असार मसान्त सम्म बैंकले १ खर्व ६८ अर्व निक्षेप संकलन गरी १ खर्व २१ अर्व कर्जा लगानी गरेको छ ।

## युनियन गतिविधि

# कर्मचारी संघ नेपालको नवौं केन्द्रीय परिषद् सम्पन्न




**भक्तपुर, १ जेठ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको नवौं केन्द्रीय परिषद् २०७५ बैशाख ३१ देखि जेठ १ गते सम्म भक्तपुरमा सम्पन्न भएको छ । संघका अध्यक्ष बेदबहादुर लावतीको अध्यक्षतामा सम्पन्न भएको परिषद्को उद्घाटन पेसागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल गर्नु भएको थियो । उहाले ट्रेड युनियन सम्बन्धी अधिकार संबैधानिक भएकाले सबैले यसको पालना गर्नुपर्ने र कसैले विनाकारण ट्रेड युनियन अधिकार माथि हस्तक्षेप गरेमा अन्तर्राष्ट्रिय अदालत सम्म वकालात गर्न सकिने बताउनुभयो । सो कार्यक्रममा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपाल (बिफु) का राष्ट्रिय अध्यक्ष नारायणप्रसाद सुवेदी, संघका पूर्व अध्यक्ष एवं सल्लाहकार शिवकुमार अधिकारी, बिफुका महासचिव योगेन्द्रबहादुर सिंह, बिफुका कोषध्यक्ष हेम कार्की, संघका पूर्व सल्लाहकार सुमित्रा विसी लगालते शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो ।

साथै, नवौं केन्द्रीय परिषद्ले रिक्त रहेको विभिन्न पदमा पदपूर्ती समेत गरेको थियो । रिक्त रहेको अध्यक्ष पदमा हेमराज सुवेदी, बरिष्ठ उपाध्यक्षमा रामप्रसाद जोशी, उपाध्यक्षहरुमा बद्रिप्रसाद तिमिल्सना र रोहित रेग्मी, महासचिवमा लक्ष्मी पाण्डे, उप महासचिवहरुमा लक्ष्मी ज्ञवाली र संगम पौडेल, सचिवहरुमा मिना मोक्तान, ईश्वर उप्रेती, लुज श्रेष्ठ र अनिता श्रेष्ठ, कोषध्यक्षमा रबिन्द्रप्रसाद चौलागांई, सह कोषाध्यक्षमा श्रवणकुमार सिंह र लेखा परिक्षण समिति तथा अन्य रिक्त केन्द्रीय सदस्यहरुमा परिषद्ले पदपूर्ती गरेको थियो ।

# AML तथा ग्राहक सम्बन्ध व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

**काठमाण्डौं, १५ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा Trust AML Software, सम्पत्ति शुद्धीकरण निवारण निवारण, जोखिम व्यवस्थापन तथा ग्राहक सम्बन्ध व्यवस्थापन सम्बन्धी तालिम बिराटनगर तथा पोखरा क्षेत्र अर्न्तगतका शाखा कार्यालयहरुका सहायक शाखा प्रवन्धकहरुलाई प्रदान गरिएको थियो । बिराटनगर क्षेत्र अर्न्तगतका शाखा कार्यालयहरुका ३९ सहायक शाखा प्रवन्धकहरुलाई मिति २०७५ बैशाख ७ र ८ गते बिराटनगरमा, पोखरा क्षेत्र अर्न्तगतका शाखा कार्यालयहरुका ३७ सहायक शाखा प्रवन्धकहरुलाई मिति २०७५ बैशाख १४ र १५ गते पोखरामा प्रशिक्षण दिइएको थियो । सो कार्यक्रममा Trust AML Software संचालन सम्बन्धी, सम्पत्ति शुद्धीकरणको सम्भावना, सोको निवारणसम्बन्धी कानुनी व्यवस्था, सोसम्बन्धमा नेपाल राष्ट्र बैंकलद्वारा जारी निर्देशन एवं बैंकले अपनाउनु पर्ने सजगता तथा जोखिम व्यवीथापन सम्बन्धी, र ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको महत्वका बारेमा प्रशिक्षण एवं जानकारी प्रदान

बाँकी पृष्ट ७ ▸▸

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३ | श्री अन्जली श्रेष्ठ | १२३९३ | ४ | जलबिरे | जलबिरे | नगद सहायक | पदस्थापना |
| ५४ | श्री राधिका खवास | ११९६२ | का.मु ४ | गुल्मी | गुल्मी | कनिष्ठ सहायक | पदस्थापना |
| ५५ | श्री रोशनी भण्डारी | १२२९० | ५ | गुल्मी | गुल्मी | नगद सहायक | पदस्थापना |
| ५६ | श्री संगिता भट्ट | १२२५० | ६ | धुलिखेल | धुलिखेल | स.शाखा प्रबन्धक | पदस्थापना |
| ५७ | श्री लक्ष्मण प्रसाद कोईराला | ५१०७ | ६ | मु.शा.का. | मु.शा.का. | सहायक प्रबन्धक | पदस्थापना |
| ५८ | श्री शान्ति श्रेष्ठ (अमात्य) | ९७०४ | ६ | मु.शा.का. | मु.शा.का. | नगद अधिकृत | पदस्थापना |
| ५९ | श्री राम कुमार आचार्य | ११४५२ | ५ | थापाथली | थापाथली | नगद सहायक | पदस्थापना |

मिति :-२०७५।०२।१०

| क्र.स | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री तारा कुमार निरौला | ६७८८ | ५ | थापाथली | प्र.शा.का. बसन्तपुर | शाखा प्रबन्धक | नियमित |
| २ | श्री सूर्य बहादुर श्रेष्ठ | १०२८६ | ५ | धनकुटा | बेलबारी | स.शा.प्रबन्धक | नियमित |
| ३ | श्री बिवस थापा | १२२८८ | ५ | धनकुटा | धनकुटा | नगद सहायक | पदस्थापना |

मिति :-२०७५।०२।१४

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री गोपी मैनाली | ५२२७ | ६ | क्षे.का.बिरगंज | निजगढ | स.शा.प्रबन्धक | नियमित |
| २ | श्री बिष्णु खड्का | १२४२६ | ३ | होलेरी | होलेरी | नगद सहायक | पदस्थापना |
| ३ | श्री रन्जित लामा | ११४८८ | ५ | बेसिशहर | बेसिशहर | स.शाखा प्रबन्धक | पदस्थापना |

मिति :-२०७५।०२।२२

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मिथिलेश कुमार यादब | १२४६३ | ४ | महेन्द्रचोक | सु.बन्दरगाह बिराटनगर | सहायक (करार) | नियमित |
| २ | श्री रेखा महर्जन | १२४०० | ४ | बांणगंगा | बांणगंगा | नगद सहायक | पदस्थापना |
| ३ | श्री बिनोद भुषाल | १२३८४ | ४ | हार्थोक | हार्थोक | नगद सहायक | पदस्थापना |
| ४ | श्री शम्भु महतो | १२३५९ | ४ | खोटाङ्गबजार | खोटाङ्गबजार | नगद सहायक | पदस्थापना |
| ५ | श्री खगेन्द्र पौडेल | १२३७८ | ४ | आर्यभन्ज्याङ्ग | आर्यभन्ज्याङ्ग | नगद सहायक | पदस्थापना |
| ६ | श्री चेत बहादुर देबकोटा | १२४११ | ४ | मेहल्कुना | मेहल्कुना | नगद सहायक | पदस्थापना |

मिति :-२०७५।०२।२७

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | तह | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री दिगन्त राज पन्त | १०६९० | ७ | धादिङ्ग | मु.शा.का. काठमाण्डौ | ७ | उप प्रबन्धक | नियमित |
| २ | श्री अनिरुद्र उपाध्याय | ११०५८ | ६ | मु.शा.का. काठमाण्डौ | धादिङ्ग | का.मु.७ | शाखा प्रबन्धक | नियमित |
| ३ | श्री कृष्ण देब पाल | १११०९ | ७ | गौर | ललितपुर | ७ | स.शाखा प्रबन्धक | नियमित |
| ४ | श्री शत्रुधन सिंह राजपुत | १०३५६ | ६ | बलरा | गौर | ६ | शाखा प्रबन्धक | नियमित |
| ५ | श्री रबिन श्रेष्ठ | ११४५३ | ५ | भोजपुर | भोजपुर | का.मु.६ | शाखा प्रबन्धक | पदस्थापना |

मिति :-२०७५।०२।२८

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री ऋषभ भट्टराई | १११७६ | ८ | गौशाला | क्षे.का.बिराटनगर | उप प्रमुख | नियमित |
| २ | श्री बज्रमोहन अधिकारी | १११९१ | ८ | सं.सा.म. क.बिभाग | मु.शा.का काठमाण्डौ | स.शाखा प्रबन्धक | नियमित |
| ३ | श्री भोलानाथ पौडेल | १११९५ | ८ | दमक | प्र.का.अ. कार्यालय | प्रबन्धक | नियमित |
| ४ | श्री ऋषिनाथ अधिकारी | १०५१० | ८ | आ.ले.प. बिभाग | भद्रपुर | शाखा प्रबन्धक | नियमित |
| ५ | श्री सोनी श्रेष्ठ | ११२१९ | ९ | बानेश्वर | क्षे.का. काठमाण्डौ | उप प्रमुख | नियमित |
| ६ | श्री बिश्व प्रकाश ज्ञवाली | १११८३ | ८ | लालबन्दी | क्षे.का.बिरगंज | उप प्रमुख | नियमित |
| ७ | श्री राज्य लक्ष्मी खडगी | १११६४ | ९ | सं.सा.म. क.बिभाग | सं.सा.म. क.बिभाग | उप प्रमुख | पदस्थापना |
| ८ | श्री आनन्द सुबेदी | १११९८ | ९ | ट्रेजरी बिभाग | क्षे.का. नेपालगंज | उप प्रमुख | नियमित |
| ९ | श्री भवानी शंकर निरौला | ११२०७ | ८ | सं.सा.म. क.बिभाग | ट्रेजरी बिभाग | उप प्रमुख | नियमित |
| १० | श्री ध्रुब प्रसाद अर्याल | १११७३ | ८ | सामान्य सेवा बिभाग | सामान्य सेवा बिभाग | उप प्रमुख | पदस्थापना |
| ११ | श्री गायत्री श्रेष्ठ | ११२०८ | ९ | मु.शाखा, काठमाण्डौ | क.अ.तथा पू.सं बिभाग | उप प्रमुख | नियमित |
| १२ | श्री बिनोद नेपाल | ९९९१ | ९ | कम्प्लायन्स बिभाग | तालिम तथा बिकास बिभाग | उप प्रमुख | नियमित |
| १३ | श्री सन्ध्या सिंह | ११६७४ | ८ | क्षे.का. बिरगंज | सं.सा.म. क.बिभाग | प्रबन्धक (लेखा) | नियमित |
| १५ | श्री जगन्नाथ अधिकारी | ११६९८ | ६ | क्षे.का. नेपालगंज | ठमेल | स.शाखा प्रबन्धक | नियमित |
| १६ | श्री कोबिद प्रकाश पन्थी | ११६९३ | ७ | क्षे.का. काठमाण्डौ | कृ.तथा सा.बै.बिभाग | उप प्रबन्धक (कृषि) | नियमित |
| १७ | श्री उज्जल ढकाल | ११६९७ | ७ | क्षे.का.पोखरा | क्षे.का. काठमाण्डौ | उप प्रबन्धक (कृषि) | नियमित |
| १८ | श्री गणेश चन्द्र पौडेल | १११६८ | ८ | ट्रेजरी बिभाग | महेन्द्रपुल | शाखा प्रबन्धक | नियमित |
| १९ | श्री भोला निरौला | ९९५८ | ८ | राजबिराज | क्षे.का.बिराटनगर | प्रबन्धक | नियमित |
| २० | श्री अर्जुन ढुङ्गाना | ११५७७ | ७ | इलामबजार | बेलबारी | शाखा प्रबन्धक | नियमित |
| २१ | श्री लाक्पा डिकी शेर्पा | १२२२९ | ६ | इलामबजार | इलामबजार | शाखा प्रबन्धक | पदस्थापना |
| २२ | श्री संगिता पराजुली | ११६९५ | ७ | क्षे.का. बिराटनगर | गौशाला | स.शाखा प्रबन्धक | नियमित |
| २३ | श्री रुद्रनाथ पोखरेल | ११६७६ | ८ | क्षे.का. पोखरा | मु.शाखा का.काठमाण्डौ | प्रबन्धक (लेखा) | नियमित |
| २४ | श्री टंक प्रसाद संग्रौला | ११५३० | ५ | सूचना प्रबिधि बिभाग | बित्त बिभाग | ब.स.(क. अपरेटर) | नियमित |
| २५ | श्री शैलेस रिजाल | ११५१७ | ५ | पुल्चोक | बित्त बिभाग | ब.स.(क.अपरेटर) | नियमित |
| २६ | श्री रारा दाहाल | ११७५० | ४ | रत्ननगर | थापाथली (क्लियरिङ्ग) | सहायक (नगद) | नियमित |
| २७ | श्री कोशिस अधिकारी | ११८०७ | ४ | शा.का.बिरगंज | सामान्य सेवा बिभाग | सहायक (कम्प्यूटर) | नियमित |
| २८ | श्री अजय कुमार साह | ११८६२ | ४ | धनुषामहेन्द्रनगर | क्षे.का.बिरगंज | सहायक (कम्प्यूटर) | नियमित |
| २९ | श्री अनिल बज्राचार्य | ११५०१ | ५ | थापाथली | सूचना प्रबिधि बिभाग | ब.स.(क.अपरेटर) | नियमित |
| ३० | श्री रमेश भट्टराई | ११४४१ | ५ | क्षे.का. बिराटनगर | महेन्द्रचोक | स.शाखा प्रबन्धक | नियमित |
| ३१ | श्री नीता पोखरेल | १२२९२ | ५ | बिराटनगर | दरबारमार्ग | नगद सहायक | नियमित |
| ३२ | श्री बिष्णु प्रसाद पाठक | १०५७५ | ८ | सामान्य सेवा बिभाग | सूचना प्रबिधि बिभाग | उप प्रमुख | नियमित |
| ३३ | श्री राजेश कुमार अग्रवाल | १०८७८ | ९ | सूचना प्रबिधि | ब्य.सू.प्र तथा बजेट | उप प्रमुख | नियमित |
| ३४ | श्री राजेन्द्र आचार्य | १११८२ | ८ | सं.सा.म. क.बिभाग | बानेश्वर | शाखा प्रबन्धक | नियमित |
| ३५ | श्री शुलभ रेग्मी | १२३७७ | ४ | चैनपुर | बसन्तपुर | नगद सहायक | नियमित |
| ३६ | श्री बबिन्द्र मुक्तान | ११८८३ | का.मु ४ | रातामाटा | सिन्धुली | कनिष्ट सहायक | नियमित |
| ३७ | श्री राकेश कुमार साह | १२१५५ | ३ | रातामाटा | रातामाटा | नगद सहायक | पदस्थापना |
| ३८ | श्री जगजिवन राम श्रेष्ठ | १०११५ | ९ | क्षे.का.पोखरा | क्षे.का.पोखरा | नि. क्षे.का. प्रमुख | पदस्थापान |
| ३९ | श्री ऋषि राम ढकाल | १११८७ | ८ | महेन्द्रपुल | क्षे.का.पोखरा | उप प्रमुख | नियमित |
| ४० | श्री उमेश नेपाल | ११६२७ | ८ | बेलबारी | राजबिराज | शाखा प्रबन्धक | नियमित |
| ४१ | श्री रन्जन उप्रेती | ११६८२ | ८ | सं.सा.म. क.बिभाग | मिर्चैया | शाखा प्रबन्धक | नियमित |
| ४२ | श्री प्रिती कला राई | १०८७९ | ५ | सिंहदरबार | सूर्यबिनायक | बरिष्ठ सहायक | नियमित |
| ४३ | श्री लिला गौतम | १२०६७ | ६ | ईटहरी | बिराटनगर | सहायक प्रबन्धक | नियमित |
| ४४ | श्री बेद प्रसाद खनाल | ११०६४ | ८ | कर्पोरेट शाखा | गौशाला | शाखा प्रबन्धक | नियमित |

मिति :-२०७५।०३।०५

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री बिकाशमान वाईवा | १२३५० | ४ | लुहाम | प्र.शा.का. कपिलाकोट | नगद सहायक | नियमित |

मिति :-२०७५।०३।०६

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | तह | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मुकुन्द खडका | १०३१३ | ८ | कम्प्लायन्स बिभाग | मानव संसाधन बिभाग | ८ | प्रबन्धक | नियमित |

मिति :-२०७५।०३।१२

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मुकुन्द खडका | १०३१३ | ८ | मानव संसाधन बिभाग | अवकाश कोष | कोष प्रशासक | काज |

मिति :-२०७५।०३।१२

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री निम्बल श्रेष्ठ | ११४७३ | ९ | पू तथा सह. बि.क.बिभाग | पू तथा सह. बि.क.बिभाग | नि.बिभागीय प्रमुख | पदस्थापना |
| २ | श्री सन्जय कुमार श्रेष्ठ | ११४८२ | ९ | सं. तथा सा. म.क.बिभाग | सं. तथा सा.म.क.बिभाग | नि.बिभागीय प्रमुख | पदस्थापना |
| ३ | श्री आनन्द सुबेदी | १११९८ | ९ | क्षे.का. नेपालगंज | क्षे.का. नेपालगंज | नि.क्षेत्रीय प्रमुख | पदस्थापना |
| ४ | श्री रामहरि त्रिपाठी | ११७०१ | ७ | कानून बिभाग | के.का.कम्प्लायन्स बिभाग | उप प्रबन्धक | नियमित |
| ५ | श्री निभा सिंह | ११५१५ | ५ | प्र.का.का. अ.कार्यालय | बित्त बिभाग | ब.स.(क.अपरेटर) | नियमित |
| ६ | श्री सुजित स्थापित | १०६७५ | ६ | सं. तथा सा. म.क.बिभाग | तालिम तथा बिकास बिभाग | सहायक प्रबन्धक | नियमित |
| ७ | श्री बेनुका चापागांई | १०५२६ | ६ | मैतिदेबी | के.का.कम्प्लायन्स बिभाग | सहायक प्रबन्धक | नियमित |
| ८ | श्री निर्मला दवाडी | १०२७७ | ५ | सामान्य सेवा बिभाग | के.का.कम्प्लायन्स बिभाग | बरिष्ठ सहायक | नियमित |
| ९ | श्री बिणा बिष्ट | १०३०७ | ६ | सानान्य सेवा बिभाग | के.का.कम्प्लायन्स बिभाग | सहायक प्रबन्धक | नियमित |
| १० | श्री यसोदा देबी श्रेष्ठ | १००५७ | ५ | नक्साल | के.का.कम्प्लायन्स बिभाग | बरिष्ठ सहायक | नियमित |
| ११ | श्री श्रीराम बास्कोटा | ९४५५ | ६ | भच्चेक | के.का.कम्प्लायन्स बिभाग | सहायक प्रबन्धक | नियमित |
| १२ | श्री सन्जय तिखतरी | १२१०२ | ६ | सुरजपुरा | भच्चेक | शाखा प्रबन्धक | नियमित |
| १३ | श्री अर्जुन राज काफ्ले | १२०९८ | ६ | बुटवल | सुरजपुरा | शाखा प्रबन्धक | नियमित |
| १४ | श्री भावना फयल | ११४६९ | ६ | सल्लेरी | सल्लेरी | शाखा प्रबन्धक | पदस्थापना |
| १५ | श्री मुकेश दाहाल | ११४६० | ६ | ओखलढुङ्गा | सानोठिमी | स.शाखा प्रबन्धक | नियमित |
| १६ | श्री सुवास निरौला | ११४६१ | ६ | ओखलढुङ्गा | ओखलढुङ्गा | स.शाखा प्रबन्धक | पदस्थापना |
| १७ | श्री मोह नारायण चौधरी | १२३९८ | ४ | ओखलढुङ्गा | ओखलढुङ्गा | नगद सहायक | पदस्थापना |
| १८ | श्री चित्र बहादुर खडका | ११४६७ | ६ | सल्लेरी | सल्लेरी | स.शाखा प्रबन्धक | पदस्थापना |
| १९ | श्री सबिन कुमार गिरी | ११४९५ | ५ | टेकु | इलेक्ट्रोनिक बैं. बिभाग | ब.स.(क.अपरेटर | नियमित |
| २० | श्री संगिता चापागांई | ११७९७ | ४ | नारायणगढ | बालाजु | सहायक (कम्प्युटर) | नियमित |
| २१ | श्री निकिता कायस्थ | १२२२२ | ६ | नारायणगढ | प्र.का.का. अ.आर्यलय | सहायक प्रबनधक | नियमित |
| २२ | श्री जुनेश आचार्य | १२२३७ | ६ | धनकुटा | निजगढ | सहायक प्रबन्धक | नियमित |
| २३ | श्री सुदिप कुमार बराई | १२२०२ | ३ | बुटवल खस्यौली | भैरहवा | कनिष्ठ सहायक | नियमित |
| २४ | श्री राधिका आचार्य | १२३८२ | ४ | सु.ब.भैरहवा | महाराजगंज | सहायक | नियमित |
| २५ | श्री सुजन भट्टराई | ११६७३ | ८ | क्षे.का.बिराटनगर | आ.ले.प बिभाग | प्रबन्धक (लेखा) | पदस्थापना |
| २६ | श्री दिनेश प्रसाद गौतम | १११६६ | ८ | क्षे.का. बिरगंज | क्षे.का.बिरगंज (आ.ले.प.इकाई ) | प्रबन्धक | पदस्थापना |
| २७ | श्री बिनोद कुमार राम | ११६४० | ५ | सिराह | लाहान | बरिष्ठ सहायक | नियमित |
| २८ | श्री भवनाथ यादब | १२०१६ | ४ | इनरुवा | बिराटनगर | सहायक(कम्प्युटर) | नियमित |
| २९ | श्री सुमित्रा बुढाथोकी | १२१०८ | ५ | भद्रपुर | बिर्तामोड | बरिष्ठ सहायक | नियमित |
| ३० | श्री उकेश न्हिसुतु | ११८५१ | का.मु ५ | बालाजु | ठिमी | सहायक (कम्प्युटर) | नियमित |
| ३१ | श्री सिलु तारा शाक्य | ११०४६ | ५ | बालाजु | बालाजु | नगद सहायक | पदस्थापना |
| ३२ | श्री रुना शाक्य | १२२१० | ६ | प्र.का.का. अ.कार्यालय | ब्य.सूं प्र.तथा ब.बिभाग | सहायक प्रबन्धक | नियमित |
| ३३ | श्री रन्जिता लामा | १२२११ | ३ | हेटौडा | भरतपुर | कनिष्ठ सहायक | नियमित |
| ३४ | श्री गणेश तण्डुकार | १२४४९ | २ | दरबारमार्ग | सामान्य सेवा बिभाग | सबारी चालक | नियमित |
| ३५ | श्री श्याम ब.खडका | १२३१३ | ५ | डोटी | डोटी | नगद सहायक | पदस्थापना |
| ३६ | श्री हरि प्रसाद राना | ७७६६ | ५ | डोटी | दिपायल | नगद सहायक | नियमित |
| ३७ | श्री रोजना बिष्ट | १२४४३ | ७ | दरबारमार्ग | कर्पोरेट शाखा | उप प्रबन्धक | नियमित |
| ३८ | श्री जिवन रिमाल | १२४८८ | ५ | दरबारमार्ग | सामान्य सेवा बिभाग | बरिष्ठ सहायक | नियमित |
| ३९ | श्री सुधिर आचार्य | ११५३२ | ५ | बानेश्वर | बनेपा | ब.स.( क.अपरेटर) | नियमित |
| ४० | श्री सुनिल श्रेष्ठ | १२२५९ | ६ | सुर्खेत | दरबारमार्ग | सहायक प्रबनधक | नियमित |
| ४१ | श्री जिङ्गु मुखिया | १२२५८ | ६ | बिर्तामोड | बानेश्वर | सहायक प्रबनधक | नियमित |
| ४२ | श्री प्रतिभा निरौला | १२११८ | ३ | फिक्कल | फिदिम | कनिष्ठ सहायक | नियमित |
| ४३ | श्री बिशाल न्यौपाने | १२११७ | ३ | फिदिम | फिक्कल | कनिष्ठ सहायक | नियमित |
| ४४ | श्री श्याम प्र.तिमल्सिना | १०३९० | ६ | फिदिम | बिर्तामोड | सहायक प्रबन्धक | नियमित |
| ४५ | श्री प्रबेश खडगी | १२२४३ | ६ | फिदिम | फिदिम | स.शाखा प्रबन्धक | पदस्थापन |
| ४६ | श्री नबिन भट्टराई | १२३३९ | ४ | तौलिहवा | आर्यभन्ज्याङ्ग | नगद सहायक | नियमित |
| ४७ | श्री खगेन्द्र पौडेल | १२३७८ | ४ | आर्यभन्ज्याङ्ग | तौलिहवा | सहायक (नगद) | नियमित |

मिति :-२०७५।०३।२०

| सि.नं. | नाम थर | क.नं. | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद | सरुवाको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सुन्दर सुवाल | ११७८५ | ४ | ललितपुर | प्र.शा.का.सांघुटार | सहायक (कम्प्यूटर) | नियमित |
| २ | श्री डम्बर बहादुर रोकाय | १२२६७ | ६ | शिवसरोजस्थल | प्र.शा.का कालिकास्थान | शाखा प्रबन्धक | नियमित |
| ३ | श्री ज्ञानेन्द्र कुमार वल | ११८७८ | ३ | भोजपुर | प्र.शा.का नेचाबिहिबारे | कनिष्ठ सहायक | नियमित |
| ४ | श्री अरबिन्द कुमार झा | ११८७८ | ३ | सु.ब.भैरहवा | प्र.शा.का गंजभवानीपुर | कनिष्ठ सहायक | नियमित |
| ५ | श्री नगमा बानो | १२१६३ | ५ | तौलिहवा | सु.ब.भैरहवा | स.शाखा प्रबन्धक | नियमित |
| ६ | श्री रबिन्द्र राई | ११९४९ | ३ | दिक्तेल | बाक्सिला | नगद सहायक | नियमित |
| ७ | श्री नवल किशोर राम | १२१९२ | ३ | गौर | ईसनाथ | नगद सहायक | नियमित |
| ८ | श्री ऋषिकेश भट्टराई | १२४१० | ५ | सु.ब.बिराटनगर | सूवर्णपुर | नि.शाखा प्रबन्धक | नियमित |
| ९ | श्री मदन खरेल | १२३७२ | ४ | पर्साढाप | सूवर्णपुर | नगद सहायक | नियमित |
| १० | श्री शिवराम ढकाल | १२२९३ | ५ | नारायणगढ | मौलापुर | नगद सहायक | नियमित |

## AML तथा ग्राहक...

गरिएको थियो । तालिम कार्यक्रममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, उप प्रमुख शिवराम पौडेल, जोखिम व्यवस्थापन विभागका उप प्रमुख कृष्ण शाह, प्रवन्धक ईन्द्रकुमार कट्टेल, सुचना प्रविधि विभागका उप प्रवन्धक अर्जुनप्रसाद दाहाल, कम्प्लायन्स विभागका सहायक प्रवन्धक अर्तिनाथ बोकी श्रेष्ठ, सहायक प्रवन्धक प्रतिभा पन्त, सहायक प्रवन्धक ज्योती भट्ट, सहायक प्रवन्धक भागिरथी मल्ल, आईटी सहायक बुद्धिविनोद भट्टराईले कर्मचारीहरुलाई प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बिराटनगर क्षेत्रका क्षेत्रीय प्रवन्धक राजेन्द्र कट्टेल र पोखरा क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक जग जिवनराम श्रेष्ठको उपस्थिति रहेको थियो । । (सहायक प्रवन्धक हारित कुमार रेग्मी र मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको )

# मानव श्रोत र उत्प्रेरणा सम्बन्धी तालिम सम्पन्न

**धुलिखेल, २६ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा मानव संशाधन विभागको समन्वयमा मानव श्रोत तथा उत्प्रेरण सम्बन्धी दुई दिवसीय तालिम सम्पन्न भएको थियो । सो तालिम मानव संशाधन विभाग, सामान्य सेवा विभाग, कानून विभाग र अन्तर शाखा हिसाब मिलान विभागमा कार्यरत ६२ जना कर्मचारीहरुलाई लक्षित गरी प्रदान गरिएको थियो । सो तालिम कार्यक्रममा प्रमुख आतिथ्यता गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कर्मचारीहरुलाई उत्प्रेरित गरेर संस्थाको उत्पादकत्व बृद्धि गर्न सकिने बताउनुभयो । उहाले यस्तो कार्यक्रम अन्य कर्मचारीहरुलाई पनि आवश्यक रहेको बताउनुभयो। उक्त कार्यक्रममा बाह्य प्रशिक्षक शंकर भट्टराई, बालकृष्ण खनाल, मानव संशाधन विभाग तथा सामान्य सेवा विभागका प्रमुख कपिलमणि ज्ञवाली, सुचना प्रविधि विभागका प्रवन्धक सचिनकुमार श्रेष्ठले कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका नायब महाप्रवन्धक सुशिल श्रेष्ठ, सुचना प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, अन्तरशाखा हिसाब मिलान विभागका प्रमुख बाबुराम मरहट्टा, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, मानव संशाधन विभागका उप प्रमुख भिमप्रसाद घिमिरे, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे र नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्की लगायतको उपस्थिति रहेको थियो ।

*(सहायक प्रवन्धक मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको )*




# शाखा कार्यालय भोटाहिटी (१३६)

**(आ.व २०७३।०७४ को विशिष्ट श्रेणी तथा क वर्गका शाखाहरु मध्ये प्रथम)**



| | |
|---|---|
| **निक्षेप** | :- रु.१,४८,२४,१४,९४०।७७ |
| **कर्जा** | :- रु.३,०८,६७,४३,९२६।२६ |
| **शाखा प्रबन्धक** | :- अच्युत गौतम |
| **कर्मचारी संख्या** | :- ८ |
| **प्रति कर्मचारी कर्जा** | :- रु.३८,५८,४२,९९०।८५ |
| **प्रति कर्मचारी निक्षेप** | :- रु.१८,५३,०१,८६७।६० |
| **नाफा** | :- रु.२४,८९,९३,४८०।०६ |
| **NPA** | :- १.०८ प्रतिशत |

**सफलताको सुत्र :**

कुशल नेतृत्व, लगनशिल तथा मेहनती कार्य समुह, सकारात्मक कार्य वातावरण, सहयोगी भावना, के.का. र क्षे. का. को सहयोग, ग्राहकको सन्तुष्टि आदि ।

# समवेदना

यस बैंकको शा.का. दार्चुलामा कार्यरत सुरक्षा गार्ड धनबहादुर बम (११२५६) को बुबा नरबहादुर बम, शाखा कार्यालय विजुवारमा कार्यरत शाखा प्रवन्धक खेमबहादुर डांगी (१०२८२) की आमा धनसरा डांगी, शा.का.फिदिममा कार्यरत सहायक शाखा प्रवन्धक श्यामप्रसाद तिम्सिना (१०३९०) की आमा नर्वदा तिम्सिना, शा.का.डोटीमा कार्यरत सहायक प्रवन्धक सुधनसागर जोशी (९४५२) को बुबा प्रेमसागर जोशी, शा.का. ठिमीमा कार्यरत सहायक प्रवन्धक प्रेमबहादुर लामा (९५९४) को बुबा रामबहादुर तामाङ्ग, शा.का. सिंहदरबारमा कार्यरत बरिष्ठ सहायक मन्जु निरौला न्यौपाने (१०५४४) की सासु पवित्रा न्यौपाने, के.का.बित्त विभागमा कार्यरत उप प्रवन्धक शान्तिलाल श्रेष्ठ (९५२७) को बुबा कृष्णलाल श्रेष्ठ, शा.का. महाराजगंजमा कार्यरत बरिष्ठ सहायक भिमदत्त अवस्थी (९९७१) को बुबा भागिरथ अवस्थी, शा.का. सिजुवाबजारमा कार्यरत शाखा प्रवन्धक नेत्रबहादुर श्रेष्ठ (११०५३) की आमा लक्ष्मी श्रेष्ठ, शा.का. पुल्चोकमा कार्यरत सहायक शैलेश रिजाल (११५१७) को बुबा जीवन बाबु रिजाल, के.का.सम्पत्ति व्यवस्थापन विभागमा कार्यरत प्रवन्धक ज्योतीकुमारी जोशी (९८०२) की सासु नन्दकुमारी जोशी, के.क सामान्य सेवा विभागमा कार्यरत सवारी चालक रामकृष्ण बुढाथोकी (११२५२) की आमा निरु बुढाथोकी, के.का.इलेक्ट्रोनिक्स विभागमा कार्यरत बरिष्ठ सहायक गीताराज दाहाल (१००५८) को बुबा रेवतीरमण दाहाल, शा.का. थापाथलीमा कार्यरत सुरक्षा गार्ड राजेन्द्र महत (११३३७) की आमा चुनादेवी महत, शा.का. लालबन्दी कार्यरत शाखा प्रवन्धक विश्वप्रकाश ज्ञवाली (१११८३) की आमा सुशिला ज्ञवाली, शा.का. महेन्द्रनगरमा कार्यरत बरिष्ठ सहायक मदनराज पाण्डेय (९३९९) को बुबा शिवदत्त पाण्डेय, के.का.ट्रेजरी विभागमा कार्यरत प्रवन्धक गणेशचन्द्र पौडेल (१११८६) को बुबा प्रमानन्द शर्मा पौडेल, शा.का.बरगाछीमा कार्यरत सुरक्षा गार्ड गौरीनारायण राजबंशी (११२९६) की आमा मानवती राजवंशी, के.का.सामान्य सेवा विभागमा कार्यरत सवारी चालक बद्रि भुजेल (१०८४१) की आमा भुण्टी भुजेल, के.का.कृषि तथा सामाजीक बैंकिङ्ग विभागमा कार्यरत बरिष्ठ प्रवन्धक (१२४३५) को बुबा सितारामप्रसाद लामिछाने, के.का. बित्त विभागमा कार्यरत सहायक प्रवन्धक सदिता सुवेदी (७६१८) की सासु उमादेबी सुवेदीको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Uddhav Prasad Khanal, DGM & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Printing Art & Stationery Suppliers, Bhaktapur, Tel: 9841068987